# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको
# बाह्रौं वार्षिक साधारण सभामा भएका काम कारवाहीको विवरण तथा निर्णयहरु

## १. बैधानिक सभा:

यस लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७८ कार्तिक १३ गते बसेको १८६ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको बाह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम बाह्रौं बार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय:

मिति: २०७८ मंसिर १६ गते विहिवार (तदनुसार डिसेम्वर ०२, २०२१)
स्थान: आम्रपाली व्याङ्केट, भाटभटेनी, काठमाण्डौं ।
समय: विहान ११:०० बजे प्रारम्भ भई १:३० बजे सम्पन्न ।

## ३. सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार बाह्रौं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा शेयरधनीहरुको उपस्थितिको लागि सार्वजनिक सूचना मिति २०७८/०७/१७ गतेको राष्ट्रियस्तरको कारोवार दैनिक र मिति २०७८/०८/०२ को अभियान दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । सञ्चालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु र कम्पनी ऐन २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीका लागि यस लघुवित्त वित्तिय संस्था तथा ग्लोवल आईएमई क्यापिटलबाट प्राप्त गर्न सकिने व्यवस्था गरिनुको साथै यस संस्थाको *website* मा प्रकाशन तथा शेयरधनीको उपलब्ध Email id मा समेत पठाईएको थियो । लघु वित्त वित्तीय संस्थाको *website: www.fmdb.com.np* बाट पनि सूचना सहितको वार्षिक प्रतिवेदन उपलब्ध हुन सक्ने गरी राखिएको थियो । अनलाइन (भर्चुअल) माध्यमबाट सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई मिटिङ्ग आइडि तथा पासकोड उपलब्ध गराई सहभागी हुने व्यवस्था मिलाईएको थियो ।

## ४. उपस्थिति :

### (क) सञ्चालकको उपस्थिति

| | |
|---|---|
| १. श्री सुरेन्द्रराज रेग्मी (प्रतिनिधि: ग्लोबल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री गणेश कुमार के.सी. (प्रतिनिधि: कुमारी बैंक लि.) | सञ्चालक |
| ३. श्री उमेश कटुवाल | सञ्चालक |
| ४. श्री युवराज क्षेत्री | सञ्चालक |
| ५. श्री बामदेव गौली | सञ्चालक |
| ६. श्री रीता दीक्षित (अर्याल) | स्वतन्त्र सञ्चालक |

(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :

| | |
|---|---|
| १. श्री गोमा राना | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |
| २. श्री केम गुरुङ्ग | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |

**व्यवस्थापनका पदाधिकारी**

| | |
|---|---|
| १. श्री नुमनाथ पौडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दानराज पन्त | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री बाबुराम न्यौपाने | मुख्य प्रवन्धक |
| ४. श्री विजय शर्मा | कम्पनी सचिव/बरिष्ठ प्रवन्धक |
| ५. श्री ज्ञानेन्द्र वाग्ले | बरिष्ठ प्रबन्धक |
| ६. श्री दिना डंगोल | मुख्य अधिकृत |

(ग) शेयरधनीको उपस्थिति:

| | |
|---|---|
| स्वयं भौतिक उपस्थिति - | ९९ जना । |
| अनलाइन (भर्चुअल) माध्यमबाट - | ० जना । |
| प्रतिनिधि मार्फत् - | ४७ जना । |
| **कुल शेयरमा शेयरधनी तथा प्रोक्सी मार्फत उपस्थिति प्रतिशत -** | **५६.८० ।** |

५ सभामा प्रस्तुत छलफलका विषयहरु:

क) सामान्य प्रस्ताव

१) आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) वमोजिम समानान्तर रुपमा तयार गरिएको बार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पुँजीको ०.५३ प्रतिशतले हुने रु. ४६,१४,८०० (अक्षेरपि रु. छयालिस लाख चौध हजार आठ सय मात्र) नगद लाभांश (कर प्रयोजनको लागी) पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) विशेष प्रस्ताव

५) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पुँजीको १०.०० प्रतिशतले हुने रु. ८,७६,८१,२०० (अक्षेरपि रु. आठ करोड छयत्तर लाख एकासी हजार दुई सय मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

६) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पुंजी रु. ८७,६८,११,२०० (अक्षरेपी रु. सतासी करोड अठसट्ठी लाख एघार हजार दुई सय) बाट बृद्धि गरी रु. ९६,४४,९२,४०० (अक्षरेपी रु. छयानब्बे करोड चवालीस लाख बयानब्बे हजार चार सय) पुऱ्याउने ।

७) प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

## ६. सभाको बैधानिकता र सभाको अध्यक्षता:

६.१ कम्पनी ऐन, २०६३ तथा लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनी स्वंम उपस्थित हुनु पर्ने प्रावधान बमोजिम लघु वित्त वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १४६ भएको र कुल ४,९८१,६१८ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५६.८० प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको । साथै, प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएकोले रीतपुर्वक साधारणसभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघु वित्त वित्तीय संस्थाको नियमावलीमा भएको प्रावधान बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्वन्धमा कम्पनी सचिवले जानकारी गराएपछि विहान ११:०० बजे सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघु वित्त वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभा सुरु भयो ।

## ७. वार्षिक साधारण सभाको प्रस्तुति :

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पूर्व बाह्रौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट अभिवादन गर्नुभयो ।

७.२ प्रमुख कार्यकारी अधिकृतज्यूले बाह्रौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट स्वागत एवं प्रमुख कार्यकारी अधिकृतको तर्फबाट प्रतिवद्धता व्यक्त गर्नुभयो ।

First Microfinance

७.३ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको तर्फवाट वार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

## ८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

सभामा शेयरधनी महानुभावहरुबाट लघु वित्त वित्तीय संस्थाको वार्षिक प्रतिवेदन, लेखा विवरण आदिमा निम्नानुसार आफ्नो जिज्ञासा, मन्तब्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१ शेयरधनी श्री डमरुवल्लभ घिमिरेज्यूले आफ्नो धारणा राख्दै १०.५३ प्रतिशत लाभांश वितरण गरेकोमा संस्थालाई धन्यवाद दिदै आभार प्रकट गर्नु भयो । यस संस्थाको साधारण सभा नाम अनुसार नै सबै भन्दा पहिले हुन्छ भन्ने अपेक्षा गरिएकोमा १२औं बार्षिक साधारण सभा केहि ढिला भएको राय व्यक्त गर्नु भयो । बार्षिक प्रतिबेदन समयमानै म जस्ता शेयरधनीहरुको हातमा उपलब्ध गराएकाले प्रतिवेदन हेर्ने र विश्लेषण गर्ने अवसर प्राप्त भएकोमा धन्यबाद ज्ञापन गर्नु भयो । नेपाल राष्ट बैंकको निर्देशन अनुरुप नगद लाभांश कुल लाभांशको ३० प्रतिशत सम्म दिन मिल्नेमा सबै बोनश शेयर लाभांश (कर प्रयोजन वाहेक) दिईएकोमा संचालक समितिलाई धन्यवाद दिनुभयो । संचालकको सञ्चार सुविधा, पत्रपत्रिका सुविधा तथा स्थानिय परिवहन खर्च संशोधन विषयमा संस्थाको क्षमताको आधारमा सुविधा निर्धारण समय सापेक्ष राय व्यक्त गर्नु भयो । त्यस्तै उहाँले थोक कर्जा प्रदायक र खुद्रा लघुवित्तको अन्तर वारेमा प्रकाश पार्नुभयो । अन्त्यमा बार्षिक प्रतिवेदनमा अक्षरको आकार सानो भएको र आगामी बर्ष अलिक ठुलो अक्षर वनाउन अनुरोध गर्नुभयो । संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी बर्ष १५ प्रतिशत लाभांश नघट्ने गरि प्रस्ताव गर्नुहुन भन्दै आफ्नो भनाई समाप्त गर्नु भएको थियो ।

८.२ शेयरधनी श्री शिव प्रसाद पौडेलज्यूले बार्षिक प्रतिवेदनको समीक्षा गर्दै यस बर्षको बार्षिक साधारण सभा ढिलो भएता पनि "घ" वर्गको लघुवित्त वित्तीय संस्थाहरुमा तेस्रो तथा थोक कर्जा प्रदायकमा पहिलो भएको धारणा राख्नुभयो । संस्थामा प्रविधिको उच्चतम प्रयोग तथा अभ्यास गर्दै जान सुझाव दिनु भयो । सामाजिक संस्थागत उत्तरदायित्व कार्यक्रमहरु सञ्चालन गर्दा संस्थाको लोगो समेत देखिने गरि गतिविधिहरु गर्न व्यवस्थापनलाई सुझाव दिनुभयो । नियमावलीमा सञ्चालक हुन तथा बहाल रहनका लागी न्युनतम शेयर १,००० कित्ता बनाईएको बारेमा अध्यक्षज्युलाई स्पष्ट पारिदिनहुन अनुरोध गर्नुभयो साथै fraction शेयरहरुलाई नगदवाट मिलाई पुर्णाकित कित्ता गर्नु सुझाव दिदै आफ्नो भनाई समाप्त गर्नुभयो ।

८.३ शेयरधनी श्री अमिर दास रन्जितज्यूले बार्षिक प्रतिवेदनको समिक्षा गर्दै त्रैमासिक अपरिष्कृत वित्तिय विवरहरु चाहि समयमा नै आएजस्तै नै बार्षिक साधारणसभा पनि समयमानै गर्न सुझाव दिनुभयो । Website मा संक्षिप्त वित्तिय विवरण र साधारण सभा सम्वन्धी जानकारी मात्र भएको र आगामी बर्षहरुमा बार्षिक प्रतिवेदन नै राख्नका साथै लाभांश रकम घटदै गएकोमा आगामी बर्षमा Progressive किसिमको लाभांश वितरण गर्ने व्यवस्था मिलाउन सुझाव दिनुभयो । वासलात, कर्जा तथा सापटीको आकार ५५ प्रतिशतले वढ्दा पनि नाफा घटेको र भविष्यमा नाफालाई सन्तुलनमा ल्याउन व्यवस्थापनलाई ध्यान दिन सुझाव दिनुभयो । नियमावलीमा सञ्चालक हुन तथा बहाल रहनका लागी न्युनतम कित्ता सर्वसाधारण शेयरधनी र संस्थापक शेयरधनिलाई फरक व्यवस्था गर्न सुझाव दिनुभयो । संस्थाको सञ्चालकलाई प्रदान गरिने संचार तथा पत्रपत्रिका सुविधा समयानुसार रहेको र स्थानिय



First Microfinance

परिवहन खर्चको सट्टामा सञ्चालकहरुलाई परिवहन सुविधा दिने सुझाव दिदै आफ्नो भनाई समाप्त गर्नुभयो ।

८.४ शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीले सुझाव तथा टिप्पणीको अवसर दिइएकोमा धन्यवाद व्यक्त गर्नु भयो । कम्पनीको नाम फर्स्ट तर लाभांश दरमा पछि रहेको, बार्षिक प्रतिवेदनमा शब्दहरुको शुद्धाशुद्धीमा ख्याल गर्न तथा बार्षिक प्रतिवेदनका अक्षरहरुको आकार ठुलो भएमा पढन सहज हुने हुनाले सो गर्न सुझाव दिनुभयो । लघुवित्त वित्तिय संस्थाको लाभांश क्षमता बढी भएतापनी केहि जगेडामा राखी वितरण गर्नुभएकोमा व्यवस्थापनलाई धन्यवाद दिदै आफ्नो भनाई समाप्त गर्नुभयो ।

८.५ शेयरधनी श्री उद्धवप्रसाद घिमिरेज्यूले राय टिप्पणी तथा वासलातको विश्लेषण गर्ने समय उपलब्ध गराउनु भएकोमा धन्यबाद दिनु भयो । फर्स्ट माइक्रोफाइनान्स थोक लघुवित्त कारोवार गर्ने संस्था भएकोले प्रतिशेयर आम्दानी करिव १४ प्रतिशत रहेकोमा १०.५३ प्रतिशत लाभांश दिई बाँकी जगेडा कोषमा राखेकोमा व्यवस्थापन तथा सञ्चालक समितिलाई धन्यवाद दिनुभयो । सञ्चालक तथा व्यवस्थापनमा अनुभवी ब्यक्तिहरु रहनुभएको र आगामी बर्षमा १५ देखि २० प्रतिशतको प्रतिफल होस् भन्ने सुभेच्छा व्यक्त गर्नु भयो । ४ वटा थोक लघु वित्त वित्तीय संस्था मध्ये यो संस्था स्थापना देखि निष्कृय कर्जा शुन्य रहेको धारणा राख्नु भयो । चुक्ता पूँजीको ६० देखी ७० प्रतिशतसम्म जगेडा कोष हुनुपर्नेमा जोड दिनुभयो । बार्षिक प्रतिवेदनमा Pie Chart, Graphs बाट प्रस्तुतिकरण गर्न र आगामी समयमा संस्थाले Award पाउने गरि कार्य गर्न सुझाव दिदै आफ्नो भनाई समाप्त गर्नुभयो ।

## ९. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :

साधारण सभामा सहभागी शेयरधनीहरु बाट मन्तब्य राख्ने काम समाप्त भएपछि वक्ता शेयरधनीहरुबाट छलफलको क्रममा राखिएका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्दै प्रतिउत्तर दिनुभयो । आगामी दिनमा समयमा नै साधारण सभा गरिने, संस्थाको क्षमताको आधारमा सञ्चालकलाई प्रदान गरिने सेवा सुविधाहरु पुनरावलोकन गरिएको शेयरधनीहरुलाई प्रष्ट पार्नु भयो । निर्वाचित हुने सञ्चालकको संस्थामा प्रतिनिधित्व तथा स्वामित्व वहन होस भन्ने हेतुले सञ्चालक पदमा नियुक्त हुन वा वहाल रहनको लागी १०० कित्ता शेयर बाट १,००० कित्ता शेयर वनाईएको ब्यहोरा जानकारी दिनुभयो । चालु आ.व.को नाफा बजेट परिधीभित्र नै रहेकोले आगामी बर्षहरुमा लाभांश दर वढ्दै जाने जानकारी गराउनुभयो । वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा टिप्पणीहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुवाट राखिएका मन्तव्यहरु आगामी दिनमा कार्यान्वयन गर्नको लागि सुझावहरुको रुपमा प्राप्त हुन आएकाले उल्लेखित सुझावहरुलाई आगामी दिनमा सकारात्मक ढंगले कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षले सभा समक्ष व्यक्त गर्नुभयो ।

सक्रियतापूर्वक छलफलमा सहभागी भई आफ्ना बिचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सवै वक्ता शेयरधनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारित गर्न अनुरोध गर्दै अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो ।

First Microfinance

१०. सभाको निर्णयः

(क) सामान्य प्रस्ताव तर्फ

१) आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट बाह्रौं वार्षिक साधारण सभामा प्रस्तुत भएको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन छलफल पश्चात् पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।**

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम समानान्तर रुपमा तयार गरिएको बार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय विवरण प्रतिवेदन मान (NFRS) बमोजिम समानान्तर रुपमा तयार गरिएको वार्षिक वित्तीय विबरणहरु समेत पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय भयो ।**

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पुँजीको ०.५३ प्रतिशतले हुने रु. ४६,१४,८०० (अक्षेरपि रु. छयालिस लाख चौध हजार आठ सय मात्र) नगद लाभांश (कर प्रयोजनको लागी) पारित गर्ने ।

**प्रस्ताव नं. ३ को विषयमा छलफल हुँदा यस लघुवित्त वित्तिय संस्थाको सञ्चालक समितिको मिति २०७८/०७/१३ गते बसेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७७/७८ सम्मको सञ्चित नाफाबाट साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताव वन्द भएको मितिमा कायम रहेका शेयरधनीहरुलाई यस संस्थाको चुक्ता पुँजीको ०.५३ प्रतिशतले हुने रु. ४६,१४,८०० (अक्षेरपि रु. छयालिस लाख चौध हजार आठ सय मात्र) नगद लाभांश (कर प्रयोजनको लागी) पारित गर्ने भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।**

४) कम्पनीको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार लेखापरीक्षण समितिले ३ वटा लेखापरिक्षण फर्महरु श्री पि.आर.के. एसोसियट्स, श्री पि.एल.आर.जी. एसोसिएट्स, तथा श्री पि.आर.एस.एच एण्ड एसोसिएटेस लाई सिफारिस गरेकोमा आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री पि.एल.आर.जी. एसोसिएट्स चार्टर्ड एकाउन्टेन्टस्लाई मुल्य अभिवृद्धि कर सहित रु. ३,३९,०००।- (अक्षरेपि तीन लाख उनन्चालीस हजार मात्र) दिने गरी अन्तिम लेखापरीक्षण गरी नेपाल वित्तीय विबरण प्रतिवेदनमान तथा नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा बमोजिमको लेखापरिक्षण प्रतिवेदन, कर लेखापरीक्षण, लङ्गफर्म अडिट**



First Microfinance

रिपोर्ट, कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण र संक्षिप्त बार्षिक आर्थिक विवरणको प्रमाणीकरण लगायत बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिकको रुपमा प्रदान गर्ने गरी सर्वसम्मतिबाट स्वीकृत भयो ।

ख) विशेष प्रस्ताव तर्फ

५) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पुँजीको १०.०० प्रतिशतले हुने रु. ८,७६,८१,२०० (अक्षेरपि रु. आठ करोड छयत्तर लाख एकासी हजार दुई सय मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

प्रस्ताव नं. ५ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पूँजीको १० प्रतिशतले हुने रु. ८,७६,८१,२०० (अक्षेरपि रु. आठ करोड छयत्तर लाख एकासी हजार दुई सय मात्र) बोनस शेयर वितरण गर्न सर्वसम्मतीले स्वीकृत गरी पारित भयो ।

६) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पुँजी रु. ८७,६८,११,२०० (अक्षरेपी रु. सतासी करोड अठसट्ठी लाख एघार हजार दुई सय) बाट बृद्धि गरी रु. ९६,४४,९२,४०० (अक्षरेपी रु. छयानब्बे करोड चवालीस लाख बयानब्बे हजार चार सय) पुऱ्याउने ।

प्रस्ताव नं. ६ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्रको निम्नानुसार दफा संशोधन गर्ने निर्णय भयो :

प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख), (ग) मा संशोधन :

(क) लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु. ९६,४४,९२,४०० (अक्षरेपी रु. छयानब्वे करोड चवालिस लाख बयानब्बे हजार चार सय) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका ९६,४४,९२४ (छयानब्वे लाख चवालिस हजार नौ सय चौविस मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) लघुवित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. ९६,४४,९२,४०० (अक्षरेपी रु. छयानब्वे करोड चवालिस लाख बयानब्बे हजार चार सय) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका ९६,४४,९२४ (छयानब्वे लाख चवालिस हजार नौ सय चौविस मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) लघुवित्त वित्तीय संस्थाको चुक्ता पुँजी रु. ९६,४४,९२,४०० (अक्षरेपी रु. छयानब्वे करोड चवालिस लाख बयानब्बे हजार चार सय मात्र) हुनेछ ।

७) नियमावलीको नियम संशोधन गर्ने ।

२८. सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या : यस लघु वित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुन वा वहाल रहनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा न्यूनतम १,००० (एक हजार मात्र) कित्ता शेयर लिएको हुनुपर्नेछ ।

तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

First Microfinance

३२. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :</u> (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-

(ग) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–

(अ) स्वदेशमा दैनिक भत्ता रु. ४,०००।-
(आ) भारतमा दैनिक भत्ता भा.रु. ५,०००।-
(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १५०।-
(ई) भ्रमण खर्च विल बमोजिम ।

(घ) सञ्चार, पत्रपत्रिका, स्थानिय परिवहन तथा अन्य सुविधाः लघुवित्त वित्तीय संस्थाका सञ्चालकहरुलाई प्रदान गरिने सञ्चार, पत्रपत्रिका, स्थानिय परिवहन तथा अन्य सुविधा देहाय बमोजिम हुनेछ ।

अ) सञ्चार सुविधाः सञ्चार सुविधा वापत अध्यक्षलाई प्रति महिना रु २,५००।- र अन्य सञ्चालकलाई प्रति महिना प्रति ब्यक्ति रु २,०००।- मात्र ।
आ) पत्रपत्रिका सुविधाः पत्रपत्रिका सुविधा वापत अध्यक्षलाई प्रति महिना रु २,५००।- र अन्य सञ्चालकलाई प्रति महिना प्रति ब्यक्ति रु २,०००।- मात्र ।
इ) स्थानिय परिवहन खर्चः प्रत्येक सञ्चालकलाई समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ स्थानिय परिवहन खर्च वापत रु २,५००।- मात्र ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

प्रस्ताव नं. ८ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा उपरोक्त बमोजिमको यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका दफाहरुमा संशोधन गर्ने र नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट हुने फेरवदलका निर्देशनलाई समेत समावेश गरेर प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले निर्णय भयो ।

## ९. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः

यस साधारण सभामा अन्य छलफलका विषयहरु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

बिजय शर्मा
कम्पनी सचिव

सुरेन्द्रराज रेग्मी
अध्यक्ष